# नेपाल उद्योग वाणिज्य महासंघ

Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI


पत्र संख्याः एजिएम १ ५८/८० (१२४) २

२०८०/११/२७

श्री सदस्य महानुभावहरू,
नेउवामहासंघ ।

**बिषय : नेपाल उद्योग वाणिज्य महासंघको ५८ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०८० को सूचना ।**

महोदय,

यस महासंघको विधान (छैठौं संशोधन) को दफा २५.३ अनुसार दोस्रो स्थायी समितिको मिति २०८०/११/९ र पाचौं कार्यकारिणी समितिको मिति २०८०/११/२४ को वैठकको निर्णय अनुसार महासंघको **५८औं वार्षिक साधारण सभा यही २०८० चैत्र २८ र २९ गते (April 10 &11, 2024) बुधवार र विहीवार** होटल सोल्टी, ताहाचल काठमाडौंमा आयोजना हुने भएको व्यहोरा सदस्यज्यूहरूमा सहर्ष जानकारी गराउँदछु। चैत्र २८ गते साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०८० को समुद्घाटन हुने व्यहोरा अनुरोध गर्दछु।

महासंघको ५८औं वार्षिक साधारण सभा सम्बन्धी भएका व्यवस्था एवं कार्यक्रम यसै साथ पठाएको छु। सो अनुसार ५८औं वार्षिक साधारण सभामा भाग लिन आवश्यक व्यवस्था सहित प्रतिनिधी पत्र, प्रतिनिधि शुल्क र वार्षिक सदस्यता शुल्क पठाई दिने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु।

१. **५८औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०८० को समुद्घाटन कार्यक्रमः**
**२०८० साल चैत्र २८ गते बुधबार होटल सोल्टी, ताहाचल, काठमाडौं ।**

१.१ अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट स्वागत भाषण ।
१.२ विशेष अतिथीबाट सम्वोधन ।
१.३ प्रमुख अतिथिज्यू एवं अतिथिज्यूहरूबाट ५८औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस-२०८० को समुद्घाटन एवं सम्वोधन ।
१.४ वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठज्यूबाट धन्यवाद ज्ञापन ।

२. **५८औं वार्षिक साधारण सभाको औपचारिक सत्र :**
**मितिः २०८० साल चैत्र २९ गते बिहीबार, होटल सोल्टी, ताहाचल, काठमाडौं ।**

२.१ अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट सभालाई सम्वोधन ।
२.२ महानिर्देशकबाट महासंघको "वार्षिक प्रतिवेदन २०८०" प्रस्तुत ।
२.३ कोषाध्यक्ष श्री निरक के.सीज्यूबाट आ.व. २०७९/८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात एवं आय व्यय विवरण प्रस्तुत ।
२.४ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
२.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल ।

क्रमशः .. २


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 5362061, 5362218, 5366889
Cable : FEDERATION, Fax : 977-1-5361022, 5362007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org


STOP Child Labour

## ३. सभामा प्रतिनिधित्व सम्वन्धी व्यवस्था

३.१. ५८औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा विधानको दफा २९(३) अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्वन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ ।

३.२ सभामा अध्यक्ष उपस्थित हुन नसक्ने भएमा सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार सम्वन्धित संघको कार्यकारिणी समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

३.३ एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक समितिको सदस्यका साथै कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

## ४. सभामा भाग लिने प्रतिनिधि संख्याः

४.१ महासंघका सदस्य संघ संस्थाहरू जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि गरी ३ जना ।

४.२ वस्तुगत संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि गरी २ जना ।

४.३ द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट् सदस्यको हकमा १/१ जना ।

## ५. प्रतिनिधी शुल्क :

५.१ वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिहरूको लागि प्रतिनिधि शुल्क प्रति व्यक्ति रु.३,,५००। - अक्षरेपी तीन हजार पाच सय रूपैया मात्र) लाग्ने छ ।

## ६. वार्षिक सदस्यता शुल्क सम्बन्धमा

६.१ ५८औं वार्षिक साधारण सभामा भाग लिनको लागि सदस्य संघ संस्था/प्रतिष्ठानहरूले आ.व. २०८०/८१ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सवै सदस्य संघ संस्था/प्रतिष्ठानहरुले यही **२०८० साल चैत्र २७ गते साँझ ६:०० बजेभित्र** महासंधको सचिवालयमा बुझाउनु पर्ने छ ।

६.२ वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क online र QR code मार्फत पनि पठाउन सकिने छ ।

## ७. प्रतिनिधि पत्र सम्वन्धी व्यवस्था :

७.१ ५८औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिले भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ । प्रतिनिधि पत्रको साथ प्रतिनिधिहरूको फोटो सहितको परिचय पत्र बनाईने भएकाले फोटो सहित बुझाउन हुन समेत अनुरोध छ ।

क्रमशः .. ३

७.२ उक्त प्रतिनिधि पत्रको सक्कल वार्षिक साधारण सभा हुनु भन्दा **१ दिन अगाडि अर्थात यही २०८० चैत्र २७ गते** भित्र महासंघको सचिवालय टेकुमा पुग्ने गरी पठाउनु पर्ने छ । यसै समय भित्र प्रतिनिधि पत्र र निर्णयको प्रतिलिपि इमेल/फ्याक्सबाट पठाउन सकिने छ, । तर यी सबै कागजातको सक्कल प्रतिहरू सभा सुरु हुनु अगावै अर्थात २०८० चैत्र २७ गते साँझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।

८. **प्रस्तावः**

५८औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरू **२०८० साल चैत्र २० गते** भित्र महासंघमा आई पुग्ने गरी पठाउनु हुन अनुरोध गरिएको छ ।

**संलग्नः**

१. महासंघको वार्षिक प्रतिवेदन ।

२. महासंघको आ.व. २०७९/८० को वासलात र लेखापरीक्षकको प्रतिवेदन ।

३. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( गोकर्ण राज अवस्थी )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री उपाध्यक्षज्यूहरू, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यू, प्रदेश उद्योग वाणिज्य महासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।

# प्रतिनिधि – पत्र

मितिः

श्री महानिर्देशक,
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकु, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महाशय,

नेपाल उद्योग वाणिज्य महासंघको यही २०८० साल चैत्र २८ र २९ गते होटल सोल्टी, ताहाचल, काठमाडौंमा आयोजना हुने महासंघको ५८औं वार्षिक साधारण सभामा भाग लिन यस संघ/संस्थाको तर्फबाट निम्न लिखित प्रतिनिधिलाई मनोनयन गरी पठाएको छ । प्रतिनिधि शुल्क वापत प्रति व्यक्ति रु. ३,५००।- का दरले जम्मा रु........................ को चेक/ड्राफ्ट/नगद/अनलाईन भुक्तानी रसिद पनि यसै साथ संलग्न छ ।

**संघ/संस्थाको नाम :**.........................................................

| **मुख्य प्रतिनिधि** | **अतिरिक्त प्रतिनिधि** | |
|---|---|---|
| (क) नाम : | (क) नाम : ................................ | (क) नाम : .......................... |
| (ख) दर्जा : | (ख) दर्जा :................................ | (ख) दर्जा :............................ |
| (ग) दस्तखत नमुना .................... | (ग) दस्तखत ................ | (ग) दस्तखत ................ |

भवदीय,

संस्थाको छाप

मनोनयन गर्ने संघ/संस्थाको
पदाधिकारीको दस्तखत : .................
दस्तखत गर्नेको पुरा नाम :
पद :
मिति :

उपरोक्त अनुसारको विवरण ठिक सही छ भनि प्रमाणित गर्दछु ।.............................

द्रष्टव्यः

१. सदस्य संघ/प्रतिष्ठानहरूले आ.व. २०८०/८१ सम्मको वार्षिक सदस्यता शुल्क तिर्न बाँकी रहेछ भने सो समेत बुझाउन हुन ।
२. प्रतिनिधि शुल्क सहित प्रतिनिधि पत्र **२०८० चैत्र २७ गते** भित्र दर्ता गराई सक्नु पर्नेछ ।